प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

## प्रदेश नं. ३, मकवानपुर, हेटौडा

## विद्यालय भवन निर्माण अभियान कार्यक्रम सम्बन्धी सम्झौता पत्र

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, प्रदेश नं. ३, मकवानपुर (जसलाई यस पछि प्रथम पक्ष भनिने छ) र श्री ............... ............. ........... ................ ................ .............. .......... वार्ड नं. .......... (जसलाई यस पछि दोश्रो पक्ष भनिनेछ) बीच आ.व. २०७५/०७६ को विद्यालय भवन निर्माण अभियान कार्यक्रम अन्तरगत तपसिलका शर्तहरु पालना गर्ने गरी गरिएको सम्झौता–पत्र । यो सम्झौताको अवधि कार्यक्रम तथा नीतिगत रुपमा हेरफेर नभएमा आ.व. २०७५/७६ सम्म कायम रहनेछ ।

प्रथम पक्ष ( शिक्षा विकास निर्देशनालय, प्रदेश नं. ३, मकवानपुर ) ले पालना गर्नुपर्ने शर्तहरु :

१. विद्यालय भवन निर्माण अभियान कार्यक्रम अन्तर्गत विनियोजित रकम रु. २०,००,०००। (वीस लाख ) सम्वन्धित विद्यालयलाई निकासा दिनुपर्नेछ ।
२. विद्यालय भवन निर्माण कार्य गर्न विनियोजित लागत रकमको ३० प्रतिशत रकम सम्झौता भए पछि पहिलो किस्तामा, कामको प्रगतिको आधारमा प्राविधिकको सिफारिस अनुसार ४० प्रतिशत रकमसम्म दोस्रो किस्तामा र बाँकी ३० प्रतिशत रकम कार्य सम्पन्न भएपछि तेस्रो किस्तामा निकासा दिइनेछ ।
३. प्रथम किस्ता निकासा भएको मितिले ७ (सात) दिन भित्र भित्र कार्य प्रारम्भ नभएमा सम्झौता रद्द गरी निकासा भएको रकम फिर्ता /असुल उपर गर्न सकिनेछ ।
४. विद्यालय भवन निर्माण कार्य प्रचलित नेपाल राष्ट्रिय भवन संहिताको मापदण्ड वमोजिम स्वीकृत डिजाइन/ड्रइग/स्पेसिफिकेशन अनुसार तोकिएको समयमा सम्पन्न गर्न गराउन तथा खरिद कार्य प्रचलित ऐन, नियम बमोजिम गर्न गराउन आवश्यक समन्वय, सहयोग र अनुगमन गर्ने ।
५. तोकिएको समयमा निर्माण कार्य सम्पन्न नगरे वा निर्माण कार्य अधुरो रहेमा प्रथम पक्षले प्रचलित नियम कानुन अनुसार दोश्रो पक्षलाई निर्माण कार्य सम्पन्न गर्न गराउन सचेत गर्नुका साथै आवश्यक कानूनी प्रकृया अगाडि बढाउने र रकम असुल उपर समेत गर्न सकिनेछ ।

दोश्रो पक्ष (विद्यालय) ले पालना गर्नुपर्ने शर्तहरुः

१. विद्यालय भवन निर्माण कार्य प्रचलित नेपाल राष्ट्रिय भवन संहिताको मापदण्ड बमोजिम सम्वन्धित स्थानीय तहबाट स्वीकृत डिजाइन/ड्रइग/स्पेसिफिकेशन अनुसार तोकिएको समयमा सम्पन्न गर्न गराउन पर्नेछ ।
२. विद्यालय भवन निर्माण सम्वन्धी प्राविधिक कार्य सम्वन्धित स्थानीय तह वा सरकारी निकायका प्रविधिक (इन्जिनियर / सवइन्जिनियर) वाट गराउनु पर्नेछ ।
३. विद्यालय भवन निर्माण कार्य सम्पन्न गर्ने क्रममा यस निर्देशनालयवाट निकासा हुने कूल रकम नपुग हुन आएमा सो नपुग रकम व्यवस्थापन गर्ने जिम्मेवारी (जनश्रमदान वा नगद लागत) स्वंयम् विद्यालयको हुनेछ ।
४. विद्यालयको भवन निर्माण सम्वन्धी स्वीकृत नक्सा, ड्रइङ्, डिजाइन र कार्ययोजना अनुसारका अन्य कार्यहरु कुनै हालतमा पनि विद्यालयको तर्फवाट परिवर्तन गर्न पाइने छैन ।
५. तोकिएको मापदण्ड विपरित वा खटिएका प्राविधिकहरुको निर्देशन र प्राविधिक सुझाव विपरित निर्माण कार्य गरेमा प्रचलित नियमानुसार वीचैमा प्रथम पक्षले सम्झौता रद्ध समेत गर्न सक्नेछ ।
६. सामाजिक विकास मन्त्रालय, निर्देशनालय, सम्वन्धित स्थानीय तह र अन्य सरोकारवाला कार्यालयहरुबाट समेत अनुगमन/निरीक्षण हुनसक्ने हुँदा विद्यालयले सो कार्यको अभिलेख अध्यावधिक राख्ने र उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

६क. पेश गरिएको कार्ययोजना अनुसार आ.व. २०७६/०७६ भित्र अनिवार्य रुपमा कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

६ख. कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्दा यसैसाथ संलग्न विवरण अनुसारको कागजात पेश गर्नु पर्नेछ ।

७. विद्यालय भवन निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन, नापि किताव सहितको प्राविधिक प्रतिवेदनको सक्कलै प्रति र प्रस्ताव बमोजिमका अन्य कार्यहरु सम्पन्न भएको व्यहोरा उल्लेखित वि.व्य.स.को निर्णय तथा आम्दानी खर्चका विवरण (वील भर्पाई) हरुको प्रतिलिपि सहितको प्रतिवेदन प्रथम पक्ष समक्ष अनिवार्य पेश गर्नुपर्नेछ ।

८. नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका सार्वजनिक निर्माण तथा खरिद सम्वन्धि प्रचलित ऐन नियम (सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४) तथा कार्यविधि अनुसार गर्नु गराउनु पर्नेछ ।

९. कार्य सम्पन्न भईसकेपछि सो विद्यालय भवनको उपयोग तथा सोको रेखदेख र उचित संभार गर्ने कार्य समेत स्वत विद्यालयको नै हुनेछ ।

## सम्झौता गर्ने व्यक्तिहरु

| शिक्षा विकास निर्देशनालयको तर्फबाट | विद्यालयको तर्फबाट |
|---|---|
| १. निर्देशकको नाम . | १. अध्यक्ष, विद्यालय व्यवस्थापन समितिको अध्यक्षको नाम . |
| हस्ताक्षर................................ | हस्ताक्षर............................. |
| २. शाखा प्रमुख (उपसचिव)को नाम :.................................. | २. प्र.अ.को नाम :.................................. |
| हस्ताक्षर ............................ | हस्ताक्षर.......................... |
| ३. लेखा प्रमुखको नाम .................... | ३. इन्जिनियर/सव इन्जिनियरको नाम :.................................. |
| हस्ताक्षर ......................... | हस्ताक्षर.......................... |
| | संझौता सम्पन्न भएको मितिः................................ |
| कार्यालयको छाप : | विद्यालयको छाप |